**नेपाली** / ***NEPALI***

**लागि:** विद्यार्थी, संकाय र कर्मचारीहरू
**बाट:** Robert Cramer, अर्थ तथा प्रशासनका उपकुलपति
**विषय:** अगस्ट १० तारिखको क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा अपडेट: सबै भवनहरू खुले

आदरणीय क्याम्पस समुदाय,

क्याम्पसभरिका कैयौँ व्यक्तिहरूको समर्पणका कारण सबै भवनहरू खुलेका छन् र सामान्य परिचालनमा फर्केका छन्। ध्यान दिनुहोला कि यी भवनहरूका सबै कर्मचारीहरू आफ्ना स्थापित कार्यस्थल व्यवस्थापनमा आज फर्कनु पर्दछ। प्रश्नहरू भएमा कृपया आफ्नो सुपरभाईजरलाई सम्पर्क गर्नुहोला।

हाम्रो क्याम्पस समुदायको तर्फबाट यस चुनौतीमा चाँडै सहयोग गर्नुहुने सबैलाई मेरो आभारी व्यक्त गर्न चाहन्छु, जसले गर्दा अत्यावश्यक क्षेत्रहरूमा शीतल बनाउन कायम रहयो, अवरोध भएतापनि जारी परिचालनहरूको योजना बनाउनु भयो अनि चिसो पानी लग्ने सेवा बनाउनुभयो। क्याम्पसभरि धैरै जनालाई सीधै असर परेको थियो त्यहीपनि बन्द भएका बेला हामीले सामूहिक रूपमा हाम्रा शिक्षा, अनुसन्धान र प्रभावकारी उद्देश्यहरू जारी राख्यौँ।

क्याम्पसमा रहेका सार्न मिल्ने शीतल बनाउने मेशिनहरू सेप्टेम्बर महिनासम्म रहने छन्। हामीले चिसो पानी लग्ने प्रणालीलाई निगरानीमा राख्नेछौं, मर्मत प्रयासका नतिजाहरू मूल्याङ्कन गर्दै र गर्मी महिनाको अन्त्यतिर उच्च तापक्रम र ओस अनुभव गर्‍यौँ भने क्षमतालाई जोगाउँदै।

सबै बन्द वा आंशिक रूपमा बन्द भवनहरू यस अवधिभरि कायम राखिएको थियो र ती भवनहरूलाई सुरक्षित, प्रभावकारी रूपमा फेरि खोल्नका लागि कदमहरू चालिएको छ। यो सम्भव हुन सक्छ कि फेरि खोलिएका भवनहरू भित्र तपाईंले साना वातावरणीय अवस्थाहरू बदलिएका अनुभव गर्न सक्नुहुन्छ। यी अस्थायी हुनुपर्दछ र भवन प्रणालीहरू सामान्य परिचालनमा फर्कने क्रममा समाधान हुनुपर्दछ। तपाईंले कस्टोडियल ध्यान तुरुन्तै चाहिने क्षेत्रहरू पनि पहिचान गर्न सक्नुहुन्छ। थप जानकारी साथसाथै भवन अवस्था र सुरक्षाका नयाँ प्रश्नोत्तरहरूका लागि कृपया धैरै सोधिएका प्रश्नहरूको वेबसाईट हेर्नुहोला।

यदि तपाईंसँग थप प्रश्नहरू छन् जसको जवाफ तपाईंको सुपरभाईजर वा भवन म्यानेजरले दिन सक्नुहुँदैन भने, कृपया *Physical Plant* ग्राहक सेवालाई 608-263-3333 मार्फत सम्पर्क गर्नुहोला। चिन्ताहरू chilledwaterconcerns@wisc.edu मा ईमेल मार्फत पनि पठाउन सकिन्छ।

अवस्थाहरू नबदलिएसम्म, यस सन्देश क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा अन्तिम अपडेटको रूपमा रहनेछ।

तपाईंको समर्थन र सहयोगका लागि फेरि पनि धन्यवाद,

Robert Cramer
अर्थ तथा प्रशासनका उपकुलपति